# त्रिवेणी गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ३ संख्याः ९ प्रकाशन मितिः २०७६/१०/१६


## भाग २

त्रिवेणी गाउँपालिका

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम त्रिवेणी गाउँपालिका, रोल्पाको गाउँ कार्यपालिकाले बनाएको तपसिलमा लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## लैंगिक हिंसा निवारण कोष परिचालन कार्यविधि, २०७६

गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०७६/०९/२८

प्रमाणिकरण मितिः २०७६/१०/१५

### प्रस्तावना

नेपालको सन्दर्भमा कूल जनसंख्याको आधाभन्दा बढी हिस्सा ओगट्ने महिला वर्गको सशक्तीकरण, समानता तथा मूलप्रवाहीकरणको लागि राज्यले राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा गरेका प्रतिवद्धताहरुको कार्यान्वयन गर्न,

नेपालको संविधानको धारा ३८ मा महिलाको हकलाई मौलिक हकको रुपमा स्थापित गरेको तथा लैंगिक विभेदको अन्त्य गर्दै समानुपातिक, समावेशी तथा सहभागितामूलक सिद्धान्तका आधारमा

समतामूलक समाजको निर्माण गर्ने लक्ष्य लिएको भए तापनि संविधानले दिएको अधिकार महिलाले पाउन नसक्दा गाउँपालिका भित्रका थुप्रै महिलाहरुले पिडा भोग्नु परिरहेको सन्दर्भमा महिला विरुद्ध हुने सबै किसिमका भेदभाव र हिंसाको अन्त्य गर्न,

लैंगिक अधिकारलाई व्यवहारमा रुपान्तरण गर्न छुट्टै नीति तथा आवश्यक बजेटको व्यवस्था गरी लैंगिक विभेद, घरेलु हिंसा र महिला हिंसा भोगेका तथा आपत्कालिन एवं जोखिम अवस्थामा परेका लक्षित समूहका व्यक्तिहरुको तत्काल उद्दार, संरक्षण, राहत वितरण र परिवारमा पुनर्स्थापना गर्न वाञ्छनीय देखिएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम त्रिवेणी गाउँपालिकाको गाउँ कार्यपालिकाद्धारा **लैंगिक हिंसा निवारण कोष परिचालन कार्यविधि, २०७६** स्वीकृत गरी लागू गरिएको छ ।

## परिच्छेद - १
## संक्षिप्त नाम र प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यो कार्यविधिको नाम "लैंगिक हिंसा निवारण कोष परिचालन कार्यविधि, २०७६" रहेको छ ।

(२) यो कार्यविधि त्रिवेणी गाउँपालिकाको गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

**२. विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :**

(क) "लैंगिक हिंसा" भन्नाले कार्यस्थलमा हुने यौनजन्य दूर्व्यवहार, सामाजिक कुरीतिजन्य व्यवहार लगायत लैङ्गिक आधारमा हुने हिंसालाई सम्झनुपर्दछ ।

(ख) "कोष" भन्नाले यस कार्यविधिको दफा ४ मा उल्लेख गरे बमोजिम स्थापना गरिएको लैंगिक हिंसा निवारण कोष सम्झनुपर्दछ ।

(ग) "गाउँपालिका" भन्नाले त्रिवेणी गाउँपालिका, रोल्पालाई सम्झनुपर्दछ ।

(घ) "गाउँ कार्यपालिका" भन्नाले त्रिवेणी गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनुपर्दछ ।

(ङ) "गाउँ कार्यपालिकाको कार्यालय" भन्नाले त्रिवेणी गाउँपालिकाको गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनुपर्दछ ।

(च) "अध्यक्ष" भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झनुपर्दछ ।

(छ) "उपाध्यक्ष" भन्नाले गाउँपालिकाको उपाध्यक्ष सम्झनुपर्दछ ।

(ज) "वडा कार्यालय" भन्नाले गाउँपालिका अन्तर्गत रहेका वडा कार्यालयलाई सम्झनुपर्दछ ।

(झ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँ कार्यपालिकाको कार्यालयको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्दछ ।

(ञ) "आर्थिक प्रशासन इकाई प्रमुख" भन्नाले गाउँ कार्यपालिकाको कार्यालयको आर्थिक प्रशासन इकाईको प्रमुखलाई सम्झनुपर्दछ ।

(ट) "महिला, बालबालिका तथा समाज कल्याण इकाई प्रमुख" भन्नाले गाउँ कार्यपालिकाको कार्यालयको महिला, बालबालिका तथा समाज कल्याण इकाई प्रमुखलाई सम्झनुपर्दछ ।

(ठ) "तत्काल उद्धार तथा राहत समिति" भन्नाले यस कार्यविधिको बुँदा नं. १० मा उल्लेख गरिए बमोजिम गठन भएको समितिलाई सम्झनुपर्दछ ।

(ड) "तोके वा तोकिए बमोजिम" भन्नाले लैंगिक हिंसा निवारण कोष परिचालन कार्यविधिले तोके बमोजिम भन्ने सम्झनुपर्दछ ।

## परिच्छेद - २
## कोषको स्थापना, अवधारणा, लक्ष्य, उद्देश्य तथा वित्तीय व्यवस्थापन

**३. कोषको स्थापना :** (१) गाउँपालिकाको आ. व. २०७६/०७७ को बजेट सिलिङबाट लैंगिक हिंसा निवारण कोषका लागि विनियोजित रु. ५,००,०००/- (अक्षरेपी पाँच लाख रुपैयाँ मात्र) रकम नेपाल इन्भेष्टमेन्ट बैंक, जुगार शाखामा मुद्दती खाता खोलेर पहिलो पटक जम्मा गरी लैंगिक हिंसा निवारण कोष नाम गरेको एक अक्षय कोषको स्थापना हुनेछ ।

(२) दफा (१) बमोजिम जम्मा गरेको रकम मध्ये रु. ५,००,०००/- (अक्षरेपी पाँच लाख रुपैयाँ मात्र) रकमको हकमा वार्षिक रुपमा प्राप्त हुने ब्याज वापतको रकम मात्र र सो बाहेक थप भएको अन्य रकमको हकमा दफा १० मा उल्लेखित समितिको निर्णय र सिफारिसमा लैंगिक हिंसा पीडित व्यक्तिहरुको हितमा प्रयोग गरिनेछ ।

(३) यस कोषको खाताको सञ्चालन गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन इकाई प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

**४. अवधारणा :** लैंगिक हिंसा पीडित व्यक्तिहरुको जोखिम व्यवस्थापन गरी तत्काल राहत प्रदान गर्नका लागि गाउँपालिकाबाट यस कोषको स्थापना गरिएको छ ।

**५. लक्ष्य :** लैंगिक हिंसा पीडित व्यक्तिहरुको हकहित संरक्षण र प्रवर्द्धन गर्दै सामाजिक सुरक्षा र न्याय प्रदान गरी स्थानीय शासनको सुखानुभूति प्रदान गर्नु यस कोषको लक्ष्य रहेको छ ।

**६. उद्देश्य :** यस कोषको स्थापना गर्नुका देहाय बमोजिमका उद्देश्यहरु रहेका छन्-

(क) लैंगिक हिंसा पिडित व्यक्तिलाई तत्काल उद्धार र संरक्षण गर्नु,
(ख) लैंगिक हिंसा पिडित व्यक्तिलाई राहत वितरण तथा आर्थिक सहयोग गर्नु,
(ग) लैंगिक हिंसा पिडित व्यक्तिलाई स्वास्थ्योपचार सहायता गर्नु,
(घ लैंगिक हिंसा पिडित व्यक्तिलाई कानुनी सहायता, मनोवैज्ञानिक उपचार तथा परामर्श प्रदान गर्नु,
(ङ) लैंगिक हिंसा पिडित व्यक्तिलाई परिवारमा पुनर्स्थापना गर्नु,
(च) लैंगिक हिंसा पिडित व्यक्तिहरुको जीविकोपार्जन सम्बन्धी कार्यक्रम सञ्चालन गर्नु,
(छ) लैंगिक हिंसा रोकथाम, न्यूनिकरण तथा निवारणका लागि सचेतनात्मक कार्यक्रम सञ्चालन गर्नु ।

७. **कोषको वित्तीय व्यवस्थापन** : यस कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन्-

(क) गाउँपालिकाबाट यस कोषका लागि विनियोजन हुने रकम,
(ख) प्रदेश सरकार तथा संघीय सरकारबाट यस कोषमा प्राप्त हुने रकम,
(ग) कोषमा गाउँपालिकामा कार्यक्षेत्र भएका संघ संस्था वा अन्य कुनै स्रोतबाट प्राप्त हुने रकम ।

## परिच्छेद - ३
## लैंगिक हिंसा पीडित व्यक्तिहरु

८. **कोषको लक्षित समूह** : यस कोषको लक्षित समूह आर्थिक सामाजिक रुपमा विपन्न देहाय बमोजिमका व्यक्तिहरु हुनेछन्-

(क) घरेलु हिंसा, लैंगिक हिंसाबाट प्रभावित भएका,
(ख) सामाजिक कुरीतिजन्य दूर्व्यवहारबाट प्रभावित भएका,
(ग) यौन शोषण, यौन दूर्व्यवहार, बेचबिखन वा ओसार पसारमा परेका,
(घ) शारीरिक वा मानसिक यातना वा भेदभाव जस्ता दूर्व्यवहारबाट पीडित,
(ङ) परिवारको संरक्षणबाट बञ्चित रहेका,
(च) अपहरण वा शरिर बन्धक बनाइएका,
(छ) हराएका वा बेबारिसे अवस्थामा फेला परेका ।

## परिच्छेद - ४
## सञ्चालक समितिको गठन तथा काम, कर्तव्य र अधिकार

९. **सञ्चालक समितिको गठन** : यस अक्षय कोषको व्यवस्थापन, सञ्चालन तथा स्रोतको खोजी गर्न देहाय बमोजिमको ५ सदस्यीय सञ्चालक समिति रहनेछ ।

(क) गाउँपालिकाको अध्यक्ष - संयोजक
(ख) गाउँपालिकाको न्यायिक समितिको संयोजक - सदस्य
(ग) गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत - सदस्य
(घ) गाउँपालिकाको सामाजिक विकास समितिको संयोजक - सदस्य
(ङ) गाउँपालिकाको आर्थिक प्रशासन इकाईको प्रमुख - सदस्य-सचिव

१०. **सञ्चालक समितिको काम, कर्तव्य र अधिकार** :

(क) कोषको रकम वृद्धि गर्न उपयुक्त नीति तथा कार्यक्रम तर्जुमा तथा स्रोतको खोजी गर्ने,
(ख) महिलाको हकहित संरक्षणमा काम गर्ने अन्य निकाय तथा संघ संस्थाहरुसँग समन्वय गर्ने,
(ग) कोषको रकम वृद्धि गर्न सहयोग गर्ने व्यक्ति तथा संघ संस्थाको विवरण अद्यावधिक गर्ने,
(घ) लैंगिक हिंसा पीडित व्यक्तिहरुको जीविकोपार्जनका लागि आयमूलक कार्यक्रम स्वीकृत गर्ने,
(ङ) राहत तथा आर्थिक सहयोगको सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन गर्ने,

(च) कार्य प्रगति विवरण गाउँ कार्यपालिकाको बैठकमा पेश गर्ने,

(छ) लैंगिक हिंसा पीडित व्यक्तिहरुको अधिकार संरक्षणका प्रचलित कानूनले तोकेका अन्य कार्य गर्ने ।

**११. सञ्चालक समितिले गर्न नहुने कामहरुः**

(क) कोषको रकम हिनामिना गर्न,

(ख) कोषको रकम समितिका कुनै सदस्य वा अन्य कुनै व्यक्तिलाई लगानी गर्न,

(ग) कोषको कार्यविधि बमोजिम लैंगिक हिंसा पीडित व्यक्तिहरुको हकहित संरक्षण गर्ने कार्य बाहेक अन्य कार्यमा कोषको रकम खर्च गर्न ।

**१२. सञ्चालक समितिको बैठक :**

(क) सञ्चालक समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा आवश्यकता अनुसार बस्नेछ ।

(ख) समितिको बैठक बस्नुभन्दा कम्तीमा २४ घण्टा अगावै उक्त समितिको सदस्य-सचिवले बैठकमा छलफल हुने कार्यसूची सहितको सूचना सबै सदस्यहरुलाई दिनुपर्नेछ ।

(ग) बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ । निजको अनुपस्थितिमा न्यायिक समितिको संयोजकले बैठकको अध्यक्षता गर्नेछ ।

(घ) समितिको कुल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थित भएमा सो समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(ङ) समितिले सहमतिको आधारमा निर्णय गर्नेछ । सहमति हुन नसकेको विशेष अवस्थामा बहुमतले गरेको निर्णय मान्य हुनेछ । मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(च) समितिको निर्णय सदस्य-सचिवले प्रमाणित तथा अद्यावधिक गरी राख्नुपर्नेछ ।

(छ) समितिको सम्पर्क स्थान गाउँ कार्यपालिकामा हुनेछ ।

(ज) समितिले बैठकमा आवश्यकता अनुसार कुनै पनि कर्मचारी, पदाधिकारी वा अन्य कुनै व्यक्तिलाई आमन्त्रण गर्न सक्नेछ ।

## परिच्छेद - ५
## तत्काल उद्धार तथा राहत समितिको गठन तथा काम, कर्तव्य र अधिकार

**१३. तत्काल उद्धार तथा राहत समितिको गठन :** लैंगिक हिंसा पीडित व्यक्तिहरुको तत्काल उद्धार तथा राहत प्रदान गर्न देहाय बमोजिमको ५ सदस्यीय तत्काल उद्धार तथा राहत समिति रहनेछ ।

(क) गाउँपालिकाको न्यायिक समितिको संयोजक - संयोजक

(ख) गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ग) गाउँपालिकाको स्वास्थ्य संयोजक - सदस्य

(घ) गाउँपालिकाको केन्द्रमा रहेको प्रहरी चौकीको प्रमुख - सदस्य

(ङ) गाउँपालिकाको महिला, बालबालिका तथा समाज कल्याण इकाई प्रमुख - सदस्य-सचिव

**१४. तत्काल उद्धार तथा राहत समितिको काम, कर्तव्य र अधिकार :**

(क) लैंगिक हिंसा पीडित व्यक्तिहरुको पहिचान गरी निजको तत्काल उद्धार गर्ने तथा सुरक्षा र संरक्षणको बन्दोबस्त मिलाउने,

(ख) पहिचान गरिएका लैंगिक हिंसा पीडित व्यक्तिहरुलाई आवश्यकता अनुसार राहत, आर्थिक सहयोग, मनोसामाजिक परामर्श तथा कानूनी सहायता उपलब्ध गराउने,

(ग) लैंगिंक हिंसा पीडित व्यक्तिहरुको अधिकार प्राप्तिको लागि पैरवी गर्ने साथै हिंसा पीडित व्यक्तिहरुलाई परिवारमा पुनर्स्थापना गर्ने,

(च) लैंगिक हिंसा पीडित व्यक्तिहरुको हकहित तथा अधिकार संरक्षणका क्षेत्रमा काम गर्ने अन्य निकाय तथा संघ-संस्थाहरुसँग समन्वय गरी लैंगिक हिंसा रोकथाम, न्यूनिकरण तथा निवारणका लागि सचेतनात्मक कार्यक्रम सञ्चालन गर्ने,

(घ) अर्धवार्षिक रुपमा समितिको कार्य प्रगति विवरण यस कोषको सञ्चालक समिति समक्ष पेश गर्ने,

(ङ) लैंगिक हिंसा पीडित व्यक्तिहरुको हकहित संरक्षणका लागि सञ्चालक समितिले तोकेको अन्य काम गर्ने ।

**१५. तत्काल उद्धार तथा राहत समितिको बैठक :**

(क) तत्काल उद्धार तथा राहत समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा आवश्यकता अनुसार बस्नेछ ।

(ख) समितिको बैठक बस्नुभन्दा कम्तीमा २४ घण्टा अगावै समितिको सदस्य-सचिवले बैठकमा छलफल हुने कार्यसूची सहितको सूचना सबै सदस्यहरुलाई दिनु पर्नेछ ।

(ग) समितिको बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ । निजको अनुपस्थितिमा प्रमुख प्रशासकीय अधिकृतले बैठकको अध्यक्षता गर्नेछ ।

(घ) कुल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थित भएमा सो समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(ङ) समितिले सहमतिको आधारमा निर्णय गर्नेछ । सहमति हुन नसकेको विशेष अवस्थामा बहुमतले गरेको निर्णय मान्य हुनेछ । मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(च) समितिको निर्णय सदस्य-सचिवले प्रमाणित तथा अद्यावधिक गरी राख्नुपर्नेछ ।

(छ) समितिको सम्पर्क स्थान न्यायिक समितिको सचिवालय हुनेछ ।

(ज) समितिले बैठकमा आवश्यकता अनुसार कुनै कर्मचारी, पदाधिकारी वा अन्य कुनै व्यक्तिलाई आमन्त्रण गर्न सक्नेछ ।

## परिच्छेद - ६
## राहत तथा आर्थिक सहायता

**१६. उपलब्ध गराउने रकमको हद र अधिकार :** (१) यस कार्यविधि बमोजिम पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउँदा देहायको आधारमा देहायको रकम नबढ्ने गरी उपलब्ध गराइनेछ-

(क) पीडितलाई तत्काल उद्धार गर्नुपर्ने भएमा सवारी साधन प्रयोग गर्नुपर्ने अवस्थामा सार्वजनिक सवारी साधनबाट यात्रा गर्दा लाग्ने भाडा रकम, खाना खर्चवापत प्रतिदिन दुई सय रुपैयाँ र बास बस्नुपर्ने भए सो वापत छुट्टै रकम दिनुपर्ने भएमा प्रतिदिन दुई सय पचास रुपैयाँको दरले बढीमा चार हजार रुपैयाँसम्म,

(ख) पीडितलाई गाउँपालिकाकै स्थानीय स्वास्थ्य संस्थामा औषधी उपचार गर्नुपर्ने भएमा सार्वजनिक सवारी साधनबाट यात्रा गर्दा लाग्ने भाडा रकम, खाना खर्चवापत प्रतिदिन दुई सय रुपैयाँ र बास बस्नुपर्ने भए सो वापत छुट्टै रकम दिनुपर्ने भएमा प्रतिदिन दुई सय पचास रुपैयाँको दर र उपचार खर्च समेत गरी बढीमा तीन हजार रुपैयाँसम्म,

(ग) पीडितलाई अस्पताल भर्ना गरी औषधी उपचार गर्नुपर्ने भनी पालिकाको स्थानीय स्वास्थ्य संस्थाबाट सिफारिस भएमा अस्पताल आउँदाजाँदा सवारी साधनको प्रयोग गर्नुपर्ने भए सार्वजनिक सवारी साधन प्रयोग गर्दा लाग्ने भाडा रकम, खाना खर्च वापत प्रतिदिन दुई सय रुपैयाँ, अस्पतालमा बस्ने व्यवस्था नभई बाहिर बस्नु परेमा बढीमा तीन दिनको बास खर्च वापत प्रतिदिन दुई सय पचास रुपैयाँको दर र उपचार खर्च समेत गरी बढीमा दश हजार रुपैयाँसम्म,

(ग) कानुनी सहायता, मनोवैज्ञानिक उपचार वा मनोविमर्शका लागि एकजना साथी समेत अड्डा अदालत वा मनोचिकित्सक कहाँ आउँदा जाँदा सवारी साधन प्रयोग गर्दा लाग्ने भाडा रकम, खाना खर्च वापत प्रतिदिन दुई सय पचास रुपैयाँ, कानूनी दै-दस्तुर र सेवा वापत सात हजार रुपैयाँमा नबढ्ने गरी लागेको यथार्थ खर्च,

(घ) हिंसा पीडित व्यक्तिलाई परिवारमा पुनर्स्थापनाको लागि बढीमा तीन हजार पाँच सय रुपैयाँसम्म,

(ङ) लैंगिक हिंसा पीडित व्यक्तिलाई जिन्सी सामान दिनुपर्ने भएमा बढीमा दुई हजार पाँच सय रुपैयाँ बराबरसम्म,

(च) लैंगिक हिंसा पीडित व्यक्तिको हकहितको संरक्षणका अन्य कामको लागि घटनाको प्रकृति हेरी सञ्चालक समितिको सिफारिस अनुसार बढीमा पाँच हजार रुपैयाँसम्म ।

(२) उपदफा (१) बमोजिमको रकम अपर्याप्त भएको मनासिव आधार र प्रमाण सहित कुनै पीडितले निवेदन दिएमा साथै सो व्यहोरा मनासिव भएको देखिएमा सञ्चालक समितिको सिफारिसमा तत्काल राहत तथा उद्धार समितिले त्यस्तो पीडितलाई पाँच हजार रुपैयाँमा नबढ्ने गरी मनासिव रकम थप गरी दिन सक्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल बाहिर रहे बसेको पीडितलाई सञ्चालक समितिले निर्णय गरी सिफारिस गरे बमोजिमको रकम तत्काल उद्धार तथा राहत समितिबाट उपलब्ध गराउन सकिनेछ ।

(४) उपदफा (२), (३) र (४) मा जुनसुकै कुरा उल्लेख भएको भए तापनि लैंगिक हिंसा पीडित व्यक्तिलाई यस कोषबाट उपलब्ध गराइएको राहत तथा आर्थिक सहयोग रकम न्यायिक समितिले सम्बन्धित पीडक पक्षबाट असुलउपर गरी उक्त कोषमा जम्मा गर्नुपर्नेछ ।

१७. **निवेदन दिनुपर्ने :** (१) यस कार्यविधि बमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्न चाहने पीडित वा सरोकारवाला व्यक्तिले आवश्यक परेको राहत तथा आर्थिक सहयोग र सो पाउनु पर्ने मनासिव कारण खुलाई तपसिल बमोजिमका कागजातहरु समेत संलग्न राखी तत्काल उद्धार तथा राहत समितिको सचिवालयमा निवेदन दिनु पर्नेछ-

(क) सम्बन्धित वडा कार्यालयको सक्कल सिफारिस पत्र,

(ख) निवेदकको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी,

(ग) निवेदकको नेपाली नागरिकता नबनेको भएमा जन्मदर्ता प्रमाणपत्र वा जन्म प्रमाणित प्रमाणपत्रको प्रतिलिपी र संरक्षकको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी,

(घ) राहत तथा आर्थिक सहयोगको माग दाबी प्रमाणित गर्ने अन्य कागजातहरु ।

(२) उपदफा (१) बमोजिम प्राप्त भएको निवेदन तथा अन्य कागजात जाँचबुझ गर्दा पीडितलाई राहत तथा आर्थिक सहयोग गर्नुपर्ने देखिएमा दफा १४ को अधिनमा रही तत्काल उद्धार तथा राहत समितिको बैठकको निर्णय बमोजिमको रकम पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराइनेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा उल्लेख गरिएको भए तापनि पीडित निवेदन पेश गर्न र राहत तथा आर्थिक सहयोग बुझ्न गाउँ कार्यपालिकाको कार्यालयमा आउन असमर्थ भएमा र सो हुन मनासिव देखिएमा सम्बन्धित वडा कार्यालयको वडा सचिवले उपदफा (१) र (२) मा उल्लेख भएका प्रक्रिया पुऱ्याई राहत तथा आर्थिक सहयोग रकम वा जिन्सी सामग्री तत्काल उद्धार तथा राहत समितिबाट बुझिलिई पीडित व्यक्तिलाई हस्तान्तरण गर्न सक्नेछ ।

(४) उपदफा (२) बमोजिमको तत्काल उद्धार तथा राहत सम्बन्धी कार्यलाई सहज, सरल र शिघ्र बनाउन तत्काल उद्धार तथा राहत समितिको सदस्य-सचिवले पेश्की निकासा लिएर आदेश बमोजिमको रकम पीडितलाई हस्तान्तरण गरी पेश्की फरफारक समेत गर्न सक्नेछ ।

**१८. तत्काल रकम उपलब्ध गराउन सक्ने :** (१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि पीडितलाई तत्काल उद्धार, औषधि उपचार, पुनर्स्थापना वा राहत तथा आर्थिक सहयोग प्रदान नगरेमा गम्भिर मानवीय क्षती हुने देखिएमा तत्काल उद्धार तथा राहत समितिको संयोजकले सो प्रयोजनको लागि कोषबाट सात हजार रुपैयाँमा नबढ्ने गरी मनासिव रकम सम्बन्धित पीडितलाई तत्काल उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको अवस्था परी तत्काल उद्धार तथा राहत समितिको संयोजकबाट पीडितलाई रकम उपलब्ध गराइएकोमा त्यसरी रकम उपलब्ध गराइएपछि लगत्तै बस्ने उक्त समितिको बैठकबाट सो विषयको अनुमोदन गराउनु पर्नेछ ।

## परिच्छेद - ५
## विविध

**१९. कोषको लेखा र लेखा परीक्षण : (१)** कोषको आय व्ययको लेखा गाउँपालिकाको आर्थिक प्रशासन इकाईमा प्रचलित कानून बमोजिम राखिनेछ ।

(१) कोषको आन्तरीक लेखा परीक्षण गाउँपालिकाको आन्तरीक लेखा परीक्षकबाट र अन्तिम लेखा परीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुनेछ ।

**२०. रकम फ्रिज नहुने :** (१) कोषमा जम्मा भएको रकम मध्ये आंशिक वा पूरै रकम कुनै आर्थिक वर्षमा खर्च नभई आर्थिक वर्षको अन्त्यमा बाँकी रहेमा त्यस्तो रकम फ्रिज नभई कोषमै रहनेछ ।

**२१. प्रतिवेदन पेश गर्नुपर्ने :** (१) सञ्चालक समितिले प्रत्येक आर्थिक वर्षको पौष र आषाढ महिना गरी दुई पटक सो समितिबाट भए गरेका कामकारबाहीको प्रतिवेदन गाउँ कार्यपालिकाको बैठकमा पेश गर्नुपर्नेछ ।

(२) गाउँ कार्यपालिकाको बैठकमा पेश भएको प्रगति प्रतिवेदन गाउँपालिकाको सूचना पाटी वा वेभसाइटमा समेत सार्वजनिक गर्नुपर्नेछ ।

**२२. प्रचलित कानून बमोजिम हुने :** यस कार्यविधिमा उल्लेख भएका विषयको हकमा यसै बमोजिम र अन्य विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

**२३. संशोधन तथा बचाउ :** यस कार्यविधिमा आवश्यकतानुसार गाउँ कार्यपालिकाले संशोधन गर्न सक्नेछ । यस कार्यविधि कार्यान्वय गर्ने क्रममा कुनै द्विविधा उत्पन्न भएमा सो भएअनुसार गाउँ कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

## अनुसूची १

## राहत तथा आर्थिक सहयोग प्राप्त गर्नका लागि पेश गर्नुपर्ने निवेदनको ढाँचा

श्रीमान् संयोजक ज्यू,
तत्काल उद्धार तथा राहत समिति,
त्रिवेणी गाउँपालिका, जुगार, रोल्पा ।

विषय : राहत तथा आर्थिक सहयोग उपलब्ध गराई पाउँ ।

महोदय,

प्रस्तुत विषयमा रोल्पा जिल्ला त्रिवेणी गाउँपालिका वडा नं. ............, ................. टोल बस्ने म ..................................... तपसिलमा उल्लेखित लैंगिक विभेद/घरेलु हिंसा/महिला हिंसा तथा जोखिमबाट पीडित भएको तथा मेरो आर्थिक, सामाजिक अत्यन्त अवस्था कमजोर भएकोले तपसिलमा उल्लेखित राहत तथा आर्थिक सहयोग उपलब्ध गराई पाउँ भनि तपसिलमा उल्लेखित कागजातहरु संलग्न राखी गरी यो निवेदन पेश गर्दछु ।

**तपसिल**

१. भोगेको विभेद, हिंसा, दुर्व्यवहार वा जोखिमको विवरण :
    (क) ..........................................................................................................
    (ख) ..........................................................................................................
२. माग गरिएको राहत/आर्थिक/पुनर्स्थापना सहयोगको विवरण :
    (क) ..........................................................................................................
    (ख) ..........................................................................................................
३. यस निवेदनसाथ संलग्न कागजातहरु (संलग्न कागजातहरुको विवरण अगाडी गोलो चिन्ह लगाउने) :
    (क) सम्बन्धित वडा कार्यालयको सक्कल सिफारिस पत्र,
    (ख) निवेदकको नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी,
    (ग) निवेदकको नेपाली नागरिकता नबनेको भएमा जन्मदर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी र संरक्षकको नेपाली नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी,
    (घ) राहत तथा आर्थिक सहयोगको माग दाबी प्रमाणित गर्ने अन्य कागजातहरु ।
४. उपरोक्त विवरण झुटा ठहरेमा प्रचलित कानून वमोजिमको कारबाही सहुँला बुझाउँला ।

निवेदकको,

नाम : ........................................................ ठेगाना : ................................................
दस्तखत : .................................................... सम्पर्क फोन : ..........................................
संरक्षक भएमा संरक्षकको नाम :........................... दस्तखत : .......................................

आज्ञाले
निम बहादुर के. सी.
प्रमुख प्रशासकीय अधिकृत